# म्याग्दे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
छाङ, तनहुँ
२०७३

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : २०७७/०७८ मिति : २०७७/१२/११

**भुमीहिन दलीत, भुमीहिन सुकुम्वासी र अव्यवस्थीत बसोबासीले निवेदन दिने सम्बन्धी ३५ दिने सुचना**

प्रथम पटक प्रकाशित मिति २०७७।१२।११ गते बुधवार

भुमी सम्वन्धी समस्या समाधान आयोगवाट गोर्खा पत्रमा मिति २०७७।१२।०९ मा प्रकाशित सुचना अनुसार भुमीहिन दलित, र भुमीहिन सुकुम्वासी लाई जग्गा उपलब्ध गराउने र अव्यवस्थीत वसोबासीको व्यवस्थापन गर्ने प्रयोजनको लागी यस गाउपालीका भित्र रहेका भुमीहिन दलीत , भुमीहिन सुकुम्वासी, र अव्यवस्थीत वसोबासी ले आफुले बसोबास वा आवाद कमोत गरेको जग्गा पाउन आयोगले तोकेको ढाचा बमोजिम वडामा खटीई आउने वडाका कर्मचारी (गणक) मार्फत निवेदन फारम ( रातो र सेतो) भरी यो सुचना प्रकाशन भएको मितिले ३५ दिन भित्र (२०७८।०१।१२ गते) भित्र यस गाउपालीका अर्न्तगतका सम्वन्धीत वडाहरुमा तपशिल बमोजिम को विवरण सहित निवेद गर्नुहुन यसै सुचना मार्फत जानकारी गराईन्छ ।

## अनुसूची फाराम भर्नु अघि लिनुपर्ने सामान्य जानकारी

## भूमिहिन दलित तथा भूमिहिन सुकुम्बासीको हकमा

भूमिहिन सुकुम्बासी र भूमिहिन दलित भन्नाले नेपाल राज्यभित्र आफ्नो वा आफ्नो परिवारको स्वामित्वमा जग्गा जमिन नभएको र आफ्नो परिवारको आयआर्जन, स्रोत वा प्रयासबाट जग्गाको प्रवन्ध गर्न असमर्थ व्यक्ति वा परिवारलाई जनाउँछ ।

भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीको पहिचान र प्रमाणीकरणका आधार र मापदण्डहरु :

१। नेपाली नागरिक,

२। भूमिहीन स्थानीय तहमा बसोबास वा आवाद कमोत गरी आएको व्यक्ति,

३। भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलनसम्बन्धी कार्यविधि, २०७७ ले तोके बमोजिमको निवेदन वा प्रश्नावलीको ढाँचा अनुसारको आफ्नो वा आफ्नो परिवारका सबै सदस्यको विवरण सहित निवेदन,

४। निवेदन वा प्रश्नावलीको ढाँचा अनुरुप भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीले नेपाल राज्यभित्र आफ्नो र आफ्नो परिवारका कुनै पनि सदस्यको स्वामित्वमा कतै पनि जग्गा जमिन छैन, झुठा ठहरे कानून बमोजिम सहन बुझाउन मञ्जुर छु भनी स्वयं घोषणा,

५। भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीले आफ्नो र आफ्नो परिवारको कुनै पनि सदस्यको आय आर्जन, स्रोत र प्रयासबाट जग्गा प्रबन्ध गर्न असमर्थ हुँ भनी गरेको स्वयं घोषणा,

Scanned with CamScanner

६। भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीले सरकारी अनुदान वा सहयोगबाट यस अघि नेपालराज्यभर कुनै पनि सरकारी जग्गा वा जग्गाको स्वामित्व सहितको आवास प्राप्त गरेको छैन भनी स्वयं घोषणा,

७। जग्गाधनी पूर्जा भएको तर नदी कटान, पहिरो, डुवान वा अन्य प्राकृतिक विपद्का कारणले आफ्नो वा आफ्नो परिवारको स्वामित्वमा रहेको सबै जग्गा प्रयोगमा आउने सम्भावना पनि नभएकाको हकमा त्यस्ता जग्गाको हकभोग नेपाल सरकारको नाममा कायम गरेको लगत कट्टा समितिको निर्णय र मालपोत कार्यालयको पत्र,

८। वडा अध्यक्ष सहित वडाका जनप्रतिनिधि सहितको रोहवरमा वडा कार्यालयमा गरिएको सार्वजानिक सुनुवाई कार्यक्रमबाट भूमिहीन सुकम्बासी हो भनी एकीन गरिएको प्रतिवेदन,

९।सम्बन्धित स्थानीय तहको वडाको बैठकबाट निज भूमिहीन सुकुम्बासी हो भनी गरेको निर्णय र

१०। स्थानीय तहले प्राप्त गरेको निवेदन वा तथ्यांक विवरणउपर छानबिन गरी त्यसको सत्यापनका लागि कम्तिमा १५ दिने सूचना जारी गरी त्यस सम्बन्धमा प्राप्त उजुरीका सम्बन्धमा स्थानीय तह स्तरीय सहजीकरण समितिको सिफारिस वा निर्णय ।

| उपलब्ध हुने जग्गा | | |
|---|---|---|
| भूमिहीन दलित वा भूमिहीन सुकुम्बासी | | |
| आवास प्रयोजन | | कृषि प्रयोजन |
| गाउँपालिकाको शहरी क्षेत्र | तोकीय बमोजिम | तोकीय बमोजिम |
| गाउँपालिकाको अन्य क्षेत्र | तोकीय बमोजिम | तोकीय बमोजिम |

**अव्यवस्थित बसोबासको हकमा**

अव्यवस्थित बसोबासी भन्नाले सरकारी, ऐलानी, पर्ति वा सरकारी अभिलेखमा वन जनिएको भएता पनि कम्तिमा १० वर्षदेखि आवादकमोद गरी घर टहरा बनाई बसोबास गरेका व्यक्तिलाई जनाउँदछ ।

अव्यवस्थित बसोबासको पहिचान र प्रमाणीकरणका आधार र मापदण्डहरु

१। नेपाली नागरिक,
२। भूमिहीन दलति, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलनसम्बन्धी कार्यविधि २०७७ ले तोके बमोजिमको निवेदन वा प्रश्नावलीको ढाँचा अनुसारको आफ्नो वा आफ्नो परिवारका सबै सदस्यको विवरण सहित निवेदन,

नारायण [illegible]
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

३। नेपाल राज्यभर आफ्नो वा आफ्नो परिवारको स्वामित्वमा रहेको सम्पूर्ण जग्गाको जग्गाधनी प्रमाणपत्रको प्रतिलिपी,

४। नेपाल सरकारद्वारा बसोबास गर्ने उद्धेश्यले स्थापित संस्थाको जग्गामा बसोबास गरेको वा आवाद कमोत गरेको अव्यवस्थित बसोबासी भए सम्बन्धित संस्थाले सो जग्गा दिन सहमति गरेको निर्णय,

५। भूमिसम्बन्धी ऐन २०२१ को आठौं संशोधन जारी भएको मिति २०७६ माघ २८ गते भन्दा १० वर्ष अघिबाट निज बसोबास गरी आएको जग्गा आवाद कमीद भई आएको हो भनी वडा समितिले गरेको निर्णय र सिफारिस,

६। अव्यवस्थित बसोबासीले आफ्नो वा आफ्नो परिवारको सदस्यले सरकारी अनुदान वा सहयोगबाट ऐनको दफा ५२ ग बमोजिम नेपाल राज्यभर कुनै पनि सरकारी जग्गा वा जग्गाको स्वामित्व सहितको आवास प्राप्त गरेको छैन भनी गरेको स्वयं घोषणा,

७। वडा समितिको बैठकबाट निज अव्यवस्थित बसोबास हो भनी गरेको निर्णय र सिफारिस र

८। स्थानीय तहले प्राप्त गरेको निवेदन वा तथ्यांक विवरण उपर छानविन गरी त्यसको सत्यापनका लागि कम्तिमा १५ दिनको सार्वजानिक सूचना जारी गरी त्यस सम्बन्धमा प्राप्त उजुरीका सम्बन्धमा स्थानीय तह स्तरीय सहजीकरण समितिको सिफारिस निर्णय ।

| अव्यवस्थित बसोबासी | | |
|---|---|---|
| आवास प्रयोजन | | कृषि प्रयोजन |
| गाउँपालिकाको शहरी क्षेत्र | तोकीय बमोजिम | तोकीय बमोजिम |
| गाउँपालिकाको अन्य क्षेत्र | तोकीय बमोजिम | तोकीय बमोजिम |

## झुठा विवरण पेश गर्दा हुने सजाय

१। आफ्नो विवरण नदिएको वा गलत विवरण वा अभिलेख पेश गरेको तर जग्गा र संरचना प्राप्त गरिनसकेको अवस्था भएमा २५०००।– रुपैयाँसम्म जरिवाना ।

२। आफ्नो विवरण नदिएको वा गलत विवरण वा अभिलेख पेश गरी जग्गा वा संरचना प्राप्त गरेको कुरा प्रमाणित हुन आएमा त्यस्तो जग्गा वा संरचना जफत गरी १०००००।– रुपैयाँसम्म जरिवाना वा १ वर्षसम्म कैद वा दुवै सजाय ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

म्याग्दे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

छाङ, तनहुँ

२०७३

गण्डकी प्रदेश, नेपाल

म्याग्दे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय छाङ, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७३


| आवश्यक कागजात | |
|---|---|
| भूमिहीन दलित /भूमिहिन सुकुम्बासी | अव्यवस्थित बसोबास |
| १। निवेदकको फोटो – २ प्रति | १। निवेदकको फोटो – २ प्रति |
| २।नागरिकता प्रमाणपत्रको प्रतिलिपि (उमेर पुगेका घरका सबै सदस्यको) | २।नागरिकता प्रमाणपत्रको प्रतिलिपि (उमेर पुगेका घरका सबै सदस्यको) |
| ३। मतदाता परिचयपत्रको प्रतिलिपि | ३। मतदाता परिचयपत्रको प्रतिलिपि |
| ४। जग्गा उपयोग (आमोद कमोद) गरेको प्रमाणसम्बन्धी कागजातको प्रतिलिपि | ४। आफ्नो र परिवारको नाममा नेपाल भित्र जुनसुकै स्थानमा भएको जग्गाको लालपूर्जाको प्रतिलिपि |
| ५। यस अघि ऐलानी जग्गाको नापजाँच भएको भए त्यस निस्साको प्रतिलिपि | ५। जग्गा उपयोग (आमोद कमोद) गरेको प्रमाणसम्बन्धी कागजातको प्रतिलिपि |
| ६। सम्बन्धित जग्गाको कित्ता नं र घर बनाएको भए सो समेत देखिने फोटो | ६। यस अघि ऐलानी जग्गाको नापजाँच भएको भए त्यस निस्साको प्रतिलिपि |
| ७। स्थानीय तहको सिफारिस भएको भए सो को प्रतिलिपि | ७। सम्बन्धित जग्गाको कित्ता नं र घर बनाएको भए सो समेत देखिने फोटो |
| ८। बिजुली र पानी महशुल तिरेको रसिद | ८। स्थानीय तहको सिफारिस भएको भए सो को प्रतिलिपि |
| ९। घरसारको कागज | ९। बिजुली र पानी महशुल तिरेको रसिद |
| १०। भोग चलन गर्न दिएको प्रमाण पत्र | १०। घरसारको कागज |
| ११। अन्य कुनै थप प्रमाण भए | ११। भोग चलन गर्न दिएको प्रमाण पत्र |
| | १२। अन्य कुनै थप प्रमाण भए |

- परिवार भन्नाले भूमिहिन सुकुम्बासी वा अव्यवस्थित बसोबासीको पति पत्नी, बाबु आमा र छोरा छोरी भन्ने सम्झनुपर्छ ।
- मिति २०७६ माघ २८ गते भन्दा अगाडि नै मानो छुट्टिई घर र भान्सा समेत छुट्टै प्रयोग गरी आएको परिवारलाई मात्र छुट्टै परिवार मान्न सकिनेछ ।
- अव्यवस्थित बसोबासीले आफूलाई उपलब्ध गराउन माग गरेको जग्गामा निजले १० वर्ष अघिबाट आयाद कमोद गरी आएको हो भनी प्रमाणित गरेको गाउँ कार्यपालिकाको निर्णय बमोजिम सिफारिस समेत पेश गरेको हुनुपर्नेछ ।
- पति र पत्नीको संयुक्त नाममा जग्गाधनी प्रमाणपूर्जा बनाई स्थानीय तहले दिनेछ ।

**तपाईंको घरघरमा खटिई आउने तथ्यांक संकलकहरुलाई सही सूचना र कागजात दिई सहयोग गरौं ।**

**प्रमुख प्रशासकिय अधिकृत**

[illegible] प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner